# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) राप्ती उपत्यका (देउखुरी), नेपाल, मंसिर २२ गते, २०८२ साल (संख्या १५

## भाग ३

## लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## राप्ती उपत्यका (देउखुरी), नेपालको

### सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८२।०८।०७ मा स्वीकृत भएको "अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:** प्रदेशमा जन्मजात तथा जन्मपश्चात हुने अपाङ्गताको रोकथाम तथा न्यूनीकरण गर्दै अपाङ्गता भएका व्यक्तिका हक अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धन गर्न, पहुँचयुक्त वातावरणको निर्माण गरि सहज र सम्मानित जीवनयापनको सुनिश्चित गर्न, अपाङ्गता सम्बन्धी कार्यक्रमबाट लक्षित वर्गसम्म अधिकतम लाभ पुऱ्याउन, अपाङ्गताको रोकथाम, न्यूनीकरण तथा पुनःस्थापना सम्बन्धी कार्यमा सोही उद्देश्यले स्थापना भएका संस्थासँगको साझेदारीमा एकीकृत कार्यक्रम सञ्चालन र कार्यान्वयनलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकाले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अन्तरसम्बन्धित कार्यक्रम" भन्नाले दफा ६ बमोजिमका अपाङ्गतासँग अन्तरसम्बन्धित कार्यक्रम सम्झनुपर्छ।

(ख) "अपाङ्गता भएका व्यक्ति" भन्नाले प्रदेशमा जन्मजात वा जन्मपश्चात शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ।

(ग) "अपाङ्गता पुनःस्थापना" भन्नाले दफा ४ बमोजिमका अपाङ्गता पुनःस्थापनासँग सम्बन्धित कार्यक्रम सम्झनुपर्छ।

(घ) "अपाङ्गता रोकथाम" भन्नाले दफा ३ बमोजिमका अपाङ्गता रोकथामसँग सम्बन्धित कार्यक्रम सम्झनुपर्छ।

(ङ) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम प्रदेश सरकार आफैले वा प्रदेश सरकार र स्थानीय तह वा साझेदार संस्थासँगको साझेदारीमा सञ्चालन तथा कार्यान्वयन गरिने अपाङ्गता रोकथाम, अपाङ्गता पुनःस्थापना, संस्थागत सुदृढीकरण र अन्तरसम्बन्धित कार्यक्रम सम्झनुपर्छ र सो शब्दले अपाङ्गता सम्बन्धी वार्षिक कार्यक्रम तथा क्रियाकलाप, नेपाल सरकारबाट हस्तान्तरण वा अख्तियारीमार्फत् प्राप्त भएका सशर्त अनुदानका कार्यक्रम वा अन्य कार्यक्रम समेतलाई जनाउनेछ।

(च) "निर्देशक समिति" भन्नाले दफा २५ बमोजिमको प्रदेश निर्देशक समिति सम्झनुपर्छ।

(छ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

(झ) "सहजकर्ता" भन्नाले अपाङ्गता रोकथाम, न्यूनीकरण तथा पुनःस्थापना लगायतका कार्यमा सहयोगको लागि नियुक्त भएका वा तोकेका कर्मचारी वा कार्यक्रम सहजकर्ता व्यक्ति सम्झनुपर्छ।

(ञ) "साझेदारी" भन्नाले कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश सरकारसँग लागत अनुपातमा साझेदारी, आर्थिक सहायता, वस्तुगत सहायता, सहायता सामग्री वा अन्य क्रियाकलापमा गरिने साझेदारी वा सहकार्यलाई सम्झनुपर्छ।

(ट) "साझेदार संस्था" भन्नाले अपाङ्गता रोकथाम, न्यूनीकरण तथा पुनःस्थापना वा समाज कल्याणका उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएका र समाज सेवामा संलग्न संयुक्त राष्ट्र सङ्घका विशिष्ट्रिकृत निकाय वा त्यस्ता निकायद्धारा स्थापित वा अनुदानमा सञ्चालित संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक सङ्घ संस्थालाई सम्झनुपर्छ।

(ठ) "संस्थागत सुदृढीकरण" भन्नाले दफा ५ बमोजिमका संस्थागत सुदृढीकरणसँग सम्बन्धित कार्यक्रम सम्झनुपर्छ।

(ड) "स्थानीय तह" भन्नाले प्रदेशका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनुपर्छ।

## परिच्छेद-२

## अपाङ्गता रोकथाम तथा पुनःस्थापना सम्बन्धी कार्यक्रम

३. अपाङ्गता रोकथामका कार्यक्रमः यस कार्यविधि बमोजिम देहायका कार्यक्रमलाई अपाङ्गता रोकथाम सम्बन्धी कार्यक्रमको रूपमा सञ्चालन तथा कार्यान्वयन गरिनेछः-

(क) गर्भावस्था, नवजात शिशु तथा दश वर्ष मुनिका बालबालिकाको स्वास्थ्य परीक्षणबाट अपाङ्गता हुन सक्ने अवस्थाको पहिचान तथा रोकथाम,

(ख) बंशाणुगत रूपमा सर्न सक्ने रोगको कारण हुने अपाङ्गताको परीक्षण तथा रोकथाम,

(ग) अपाङ्गता हुन सक्ने जोखिमयुक्त व्यवसाय वा कार्यमा संलग्न व्यक्तिलाई सचेतनामूलक कार्यक्रम,

(घ) वार्षिक कार्यक्रममा विस्तृत रूपमा क्रियाकलाप खुलेको अपाङ्गता रोकथामसँग सम्बन्धित कार्यक्रम,

(ङ) साझेदार संस्था वा अन्य सामाजिक सङ्घ संस्थाले समाज कल्याण परिषद्मा आबद्ध भई अपाङ्गता रोकथामको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग सहकार्य तथा साझेदारीमा सञ्चालन हुने वा आफैले सञ्चालन गर्ने कार्यक्रम,

(च) निर्देशक समितिले समय-समयमा तोकेका अपाङ्गता रोकथामसँग सम्बन्धित अन्य कार्यक्रम।

४. <u>अपाङ्गता पुनःस्थापनाका कार्यक्रमः</u> यस कार्यविधि बमोजिम देहायका कार्यक्रमलाई अपाङ्गता पुनःस्थापना सम्बन्धी कार्यक्रमको रूपमा सञ्चालन तथा कार्यान्वयन गरिनेछः-

(क) अपाङ्ग व्यक्तिलाई दैनिक जीवनमा प्रयोग हुने सहायता सामग्री, उपकरण वा प्रविधिमा आधारित सहायता,

(ख) प्रदेश सरकारबाट सञ्चालित वा साझेदार संस्थाले स्थापना गरेका अपाङ्गता पुनःस्थापना केन्द्रको मर्मत संभार, पुँजीगत सामग्री वा वस्तुगत अनुदान सहायता,

(ग) स्थानीय तह मार्फत सहजकर्ताको नियुक्ति तथा परिचालन, व्यक्तिगत सहयोगी, साङ्केतिक भाषाका दोभासे जस्ता सामुदायिक सहायता सेवा,

(घ) जोखिमयुक्त व्यवसाय वा कार्यबाट अपाङ्गता भएका व्यक्तिको पहिचान तथा पुनःस्थापना सेवा,

(ङ) अपाङ्गता भएका व्यक्तिलाई सरकारी स्वामित्व भएका अस्पताल तथा स्वास्थ्य संस्थामा उपचार गराउँदा लाग्ने रकम वा प्रयोग गरिने कृत्रिम अङ्गमा पूर्ण वा आंशिक अनुदान सहायता वा लागत साझेदारी,

(च) अपाङ्गता भएका व्यक्ति रहेका स्थानमा सरकारी घुम्ती सेवा सञ्चालनको लागि सरोकारवाला निकायसँग सहकार्य,

(छ) वार्षिक कार्यक्रममा विस्तृत रूपमा क्रियाकलाप खुलेका अपाङ्गता पुनःस्थापनासँग सम्बन्धित कार्यक्रम,

(ज) सामाजिक सङ्घ संस्थाले समाज कल्याण परिषद्मा आबद्ध भई अपाङ्गता पुनःस्थापनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग सहकार्य तथा साझेदारीमा सञ्चालन हुने वा आफैले सञ्चालन गर्ने कार्यक्रम,

(झ) निर्देशक समितिले समय-समयमा तोकेका अपाङ्गता पुनःस्थापनासँग सम्बन्धी अन्य कार्यक्रम।

५. <u>संस्थागत सुदृढीकरणका कार्यक्रमः</u> (१) यस कार्यविधि बमोजिम देहायका कार्यक्रमलाई संस्थागत सुदृढीकरण सम्बन्धी कार्यक्रमको रूपमा सञ्चालन तथा कार्यान्वयन गरिनेछः-

(क) मन्त्रालयको सामाजिक विकास महाशाखाको सवलीकरण,

(ख) मन्त्रालय र निर्देशक समितिले छनोट गरेका स्थानीय तहमा अपाङ्गमैत्री सहायता कक्षको स्थापना,

(ग) स्थानीय तहमा अपाङ्गता सम्बन्धी कार्य हेर्ने शाखाको सवलीकरण तथा जनशक्ति व्यवस्थापन र क्षमता विकास,

(घ) प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीलाई अपाङ्गता सम्बन्धी कार्यक्रम।

(ङ) निर्देशक समितिले समय-समयमा तोकेका अपाङ्गता संस्थागत सुदृढीकरणका कार्यक्रम सम्बन्धी अन्य कार्यक्रम।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम मन्त्रालयले निर्देशक समितिको सिफारिसमा यस कार्यविधिको अधीनमा रही विनियोजित रकमको बाँडफाँट, कार्यक्रमको लागत अनुमान सहितको अवधारणापत्र स्वीकृत गरि स्थानीय तह र अन्य सरोकारवाला सरकारी निकाय वा साझेदार संस्थासँग समन्वय गरि सोझै सञ्चालन तथा कार्यान्वयन गर्न सक्नेछ।

६. <u>अपाङ्गता अन्तरसम्बन्धित कार्यक्रमः</u> (१) यस कार्यविधि बमोजिम देहायका कार्यक्रमलाई अपाङ्गता सम्बन्धी अन्तरसम्बन्धित कार्यक्रमको रूपमा सञ्चालन तथा कार्यान्वयन गरिनेछः-

(क) प्रदेशमा अपाङ्गता भएका व्यक्तिको पहिचान, तथ्याङ्क सङ्कलन तथा अद्यावधिक सम्बन्धी कार्य र पुनःस्थापना कार्ययोजना/योजना निर्माण,

(ख) प्रदेश सरकारका अस्पताल तथा स्वास्थ्य संस्थासँगको समन्वय र सहकार्यमा स्वास्थ्य शिविर सञ्चालन तथा फिजियोथेरापी सेवा,

(ग) अपाङ्गता भएका व्यक्ति तथा संरक्षकलाई स्वरोजगारमा आधारित सीपमूलक तालिम, बीउँ पुँजीको व्यवस्था, क्षमता विकास तथा वस्तुगत सहायता,

(घ) समावेशी शिक्षा, विद्यालय भर्ना अभियान, विशेष कक्षामा भर्ना, घरैमा अनौपचारिक शिक्षा तथा दौतरी शिक्षा,

(ङ) मिलिजुली समूह गठन र परिचालन,

(च) अपाङ्गता भएका व्यक्तिको समूह, संस्था/क्लव गठन तथा परिचालन।

(२) मन्त्रालयले निर्देशक समितिको सिफारिसमा उपदफा (१) बमोजिमका कार्यक्रम यस कार्यविधिको अधीनमा रही विनियोजित रकमको बाँडफाँट, कार्यक्रमको लागत अनुमान सहितको अवधारणापत्र स्वीकृत गरि स्थानीय तह र अन्य सरोकारवाला सरकारी निकाय वा साझेदार संस्थासँग समन्वय गरि सोझै सञ्चालन तथा कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद-३

## लागत साझेदारी, प्रस्ताव आह्वान तथा कार्यक्रम कार्यान्वयन

७. <u>लागत साझेदारी अनुपातः</u> यस कार्यविधि बमोजिम दफा ३ र दफा ४ सँग सम्बन्धित कार्यक्रमको लागत साझेदारी अनुपात देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहले लागत अनुमानको कम्तीमा पच्चीस प्रतिशत,

(ख) साझेदार संस्थाले लागत अनुमानको कम्तीमा पचास प्रतिशत।

८. <u>प्रस्ताव आव्हानः</u> (१) मन्त्रालयले निर्देशक समितिको सिफारिसमा दफा ३ र दफा ४ सँग सम्बन्धित अपाङ्गता रोकथाम तथा पुनःस्थापना सम्बन्धी कार्यक्रम छनोट गरि त्यस्ता कार्यक्रम कार्यान्वयनको लागि साझेदारी गर्न इच्छुक स्थानीय तह वा साझेदार संस्थालाई राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको सूचना सहितको प्रस्ताव आह्वान गर्नेछ र त्यस्तो सूचना मन्त्रालयको आधिकारिक वेबसाइट तथा सूचनापाटीमा समेत राखु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना स्थानीय तह र साझेदार संस्थाको हकमा साझेदारी गरिने कार्यक्रमको प्रकृति तथा उपयुक्तता समेतका आधारमा अलग-अलत रूपमा प्रकाशन गर्न सकिनेछ।

९. <u>साझेदार संस्थाले सोझै प्रस्ताव गर्न सक्नेः</u> (१) कुनै साझेदार संस्था वा सामाजिक सङ्घ संस्थाले वार्षिक कार्यक्रममा समावेश भएका

बाहेकका कार्यक्रम सञ्चालनको लागि साझेदार संस्था वा सामाजिक सङ्घ संस्था आफैले सञ्चालन गर्ने क्रियाकलाप, सङ्घ संस्था स्थापना प्रमाणपत्र (नवीकरण समेत), गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, समाज कल्याण परिषद्मा आबद्धता तथा कार्यक्रमको स्वीकृति विवरण, कार्यक्रम सञ्चालन गरिने स्थानीय तह र स्थान, क्रियाकलापको लागि आवश्यक पर्ने रकमको स्रोत व्यवस्थापन लगायतका विवरण खुलाई मन्त्रालय समक्ष कुनै पनि समयमा सोझै प्रस्ताव गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले सोझै प्रस्ताव गर्ने साझेदार संस्था वा सामाजिक सङ्घ संस्थाले पेस गरेका कागजात विवरण जाँचबुझ गरि निर्देशक समिति समक्ष पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम साझेदार संस्था वा सामाजिक सङ्घ संस्थाले पेस गरेका विवरणका आधारमा त्यस्ता साझेदार संस्था वा सामाजिक सङ्घ संस्थाले प्रस्ताव गरेका उपदफा (१) बमोजिमका कार्यक्रम कार्यान्वयन गर्न सक्ने सक्षमता भएको भनी निर्देशक समितिले आवश्यक ठानेमा निर्देशक समितिको निर्णय सहित सम्झौताको लागि मन्त्रालयमा सिफारिस पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशक समितिको निर्णय र सिफारिसप्राप्त भएमा मन्त्रालयले उपयुक्त ढाँचामा साझेदार संस्था वा सामाजिक सङ्घ संस्थासँग सम्झौता गरि कार्यक्रम सञ्चालन तथा कार्यान्वयन लागि कार्यदिश दिनेछ र सम्झौतामा साझेदार संस्था वा सामाजिक सङ्घ संस्थाले पेस गर्ने आवधिक प्रतिवेदन, अनुगमन तथा

मूल्याङ्कन तथा मन्त्रालयले सयम-समयमा प्रदान गरेका निर्देशनको परिपालना लगायतका विषय स्पष्ट खुलेको हुनुपर्नेछ।

१०. <u>प्रस्ताव पेस गर्नुपर्नेः</u> (१) दफा ८ बमोजिम प्रस्ताव आह्वानको सूचनामा तोकिएका शर्त र समयावधिभित्र साझेदारी गर्न इच्छुक स्थानीय तह वा साझेदार संस्थाले मन्त्रालयले तोकेको ढाँचामा साझेदारी गर्न इच्छुक कार्यक्रमको आशय सहितको प्रस्ताव तयार गरि मन्त्रालयमा पेस गर्न सक्नेछ।

(२) स्थानीय तह वा साझेदार संस्थाले प्रस्ताव पेस गर्दा देहायका कागजात संलग्न गर्नुपर्नेछः-

(क) साझेदारीमा सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलाप,

(ख) आवश्यक पर्ने न्यूनतम पूर्वाधार, जनशक्ति र सक्षमता भएको विवरण,

(ग) साझेदार संस्थाको हकमा प्रचलित कानुन बमोजिम स्थापनाको प्रमाणपत्र (नवीकरण) समेत, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, समाज कल्याण परिषद्मा आबद्धता तथा कार्यक्रमको स्वीकृति विवरण, कार्यक्रम सञ्चालन गरिने स्थान, संस्थाको सञ्चालक समिति वा कार्य समितिको निर्णय, क्रियाकलापको लागि आवश्यक पर्ने रकमको स्रोत व्यवस्थापन लगायत,

(घ) स्थानीय तहको हकमा कार्यपालिकाको निर्णयको

प्रतिलिपि,

(ङ) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको लागि कुनै निकायको पूर्व स्वीकृति वा अनुमति लिनुपर्ने भएमा सोसमेत लिएको वा लिने प्रतिवद्धता गरेको,

(च) साझेदारीको लागि आफ्नो तर्फबाट लागत साझेदारी गर्ने रकम भएको सुनिश्चितता वा बैंक ग्यारेन्टी,

(छ) साझेदारीका लागि जग्गा, घर, भवन तथा अन्य संरचना आवश्यक पर्ने भएमा आफ्नै स्वामित्वको वा भाडा/लिजको हकमा कम्तीमा दश वर्षको जग्गा, घर, भवन तथा अन्य संरचनाको भोगाधिकार प्राप्त करार सम्झौताको प्रमाणित प्रतिलिपि,

(ज) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य निकायबाट सोही कार्यको लागि दोहोरो पर्ने गरि कुनै नगद अनुदान वा वस्तुगत सहयोग प्राप्त गरे नगरेको विवरण।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै साझेदार संस्था स्थापना भएको एक वर्ष नपुगेको भएमा लेखापरीक्षण प्रतिवेदनको सट्टा वित्तीय विवरण मात्र पेस गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्दा स्थानीय तह वा साझेदार संस्थाले एकल वा दुई वा दुईभन्दा बढी स्थानीय तह वा साझेदार संस्था आपसमा मिलेर त्यस्ता कार्यक्रमको लागि संयुक्त रूपमा प्रस्ताव पेस गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिम संयुक्त प्रस्तावको हकमा कुनै एक स्थानीय तह वा साझेदार संस्था मुख्य प्रस्तावक हुनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम संयुक्त रूपमा प्रस्ताव पेस गर्दा साझेदारी गर्ने स्थानीय तहहरू वा साझेदार संस्थाहरूको लगानी गर्ने प्रतिशत वा अंश खुलेको विवरण र कार्यजिम्मेवारी स्पष्ट खुलेको विवरण संलग्न हुनुपर्नेछ।

११. प्रस्तावको मूल्याङ्कनः (१) मन्त्रालयले कार्यक्रमको प्रकृति, प्राविधिक पक्ष तथा विषय विज्ञताको आवश्यकता समेतका आधारमा प्रचलित कानुनमा तोकिएका पदाधिकारी तथा प्रतिनिधि रहने गरि मूल्याङ्कन समिति गठन गरि स्थानीय तह वा साझेदार संस्थाले साझेदारीको लागि पेस गरेको प्रस्ताव निर्देशक समितिले स्वीकृत गरेको मूल्याङ्कन सूचक तथा मापदण्डको आधारमा मूल्याङ्कन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले आवश्यकतानुसार स्थानीय तह वा साझेदार संस्थाले पेस गरेको विवरणको यथार्थताको लागि स्थलगत निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिले यस दफा बमोजिम प्रस्तावको मूल्याङ्कन गरि प्रतिवेदन मन्त्रालयमा पेस गर्नेछ र मन्त्रालयले निर्देशक समिति समक्ष पेस गर्नेछ।

(४) निर्देशक समितिले उपदफा (३) बमोजिम पेस भएका मूल्याङ्कनको पुनरावलोकन गरि औचित्य समेतका आधारमा स्वीकृत गर्न सक्नेछ।

(५) यस दफा बमोजिम प्रस्तावको मूल्याङ्कन तथा छनोट सम्बन्धी अन्य मापदण्ड निर्देशक समितिले निर्धारण गरेबमोजिम हुनेछ।

१२. <u>सम्झौता गर्नुपर्ने:</u> (१) मन्त्रालयले निर्देशक समितिले स्वीकृत गरि पेस गरेका प्रस्ताव पेस गर्ने स्थानीय तह वा साझेदार संस्थासँग साझेदारी सम्झौताको लागि सात दिनको म्यादसहितको सूचना दिनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र आउने स्थानीय तह वा साझेदार संस्थासँग मन्त्रालयले सम्झौता गर्नेछ र मन्त्रालयले कार्यक्रमका क्रियाकलापको प्रकृतिको आधारमा सम्झौताका शर्तहरु निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने स्थानीय तह वा साझेदार संस्थासँग सम्झौता गरिने छैन र प्राथमिकताक्रममा रहेका अन्य स्थानीय तह वा साझेदार संस्थालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

तर तोकिएको समयभित्र सम्झौता गर्न आउन नसक्ने कुनै काबु बाहिरको परिस्थिति सिर्जना भएको भनी मन्त्रालयमा पूर्व सूचना दिएमा निर्देशक समितिको लिखित निर्णयको आधारमा सम्झौता गर्न आउने अवधि थप गर्न सकिनेछ।

१३. <u>कार्यदिश दिनुपर्ने:</u> मन्त्रालयले सम्झौता गरेका स्थानीय तह वा साझेदार संस्थालाई कार्यप्रारम्भ गर्न कार्यदिश दिनेछ।

१४. <u>कार्यक्रमको कार्यान्वयन:</u> (१) स्थानीय तह वा साझेदार संस्थाले कार्यदिश र सम्झौतामा तोकिएको अवधिभित्र कार्यप्रारम्भ गरि कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा यस कार्यविधि तथा प्रचलित कानुनमा कुनै विधि वा प्रक्रिया तोकेको भएमा त्यस्ता विधि तथा प्रक्रियाको समेत पालना गर्नुपर्नेछ।

(३) स्थानीय तह वा साझेदार संस्थाले खरिद सम्बन्धी कुनै कार्य गर्दा प्रचलित खरिद सम्बन्धी कानुन बमोजिम गर्नुपर्नेछ।

१५. <u>सम्झौता रद्द गर्न सक्ने:</u> (१) मन्त्रालयले देहायको अवस्थामा स्थानीय तह वा साझेदार संस्थासँग भएको सम्झौता रद्द गर्न सक्नेछः-

(क) सम्झौता बमोजिमका दायित्व तथा जिम्मेवारी पूरा नगरेमा,

(ख) मन्त्रालयको कार्यदिशमा उल्लिखित समयभित्र कार्य प्रारम्भ नगरेमा,

(ग) साझेदार संस्था आर्थिक अनियमितता वा भष्ट्राचारजन्य क्रियाकलापमा संलग्न भएको प्रमाणित भएमा,

(घ) साझेदार संस्था सामाजिक, सांस्कृतिक तथा धार्मिक सहिष्णुतामा खलल पुऱ्याउने कार्यमा प्रत्यक्ष संलग्न भएमा,

(ङ) साझेदार संस्थाको स्वार्थ बाझिएको प्रमाणित भएमा,

(च) सम्झौता बमोजिमका अन्य शर्तको परिपालना र कार्यान्वयन नगरेमा।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द गर्नुपूर्व मन्त्रालयले सम्बन्धित स्थानीय तह वा साझेदार संस्थालाई सफाई पेस गर्ने मनासिव मौका प्रदान गर्न सक्नेछ।

१६. <u>स्थानीय तहसँग सोझै साझेदारी गर्न सकिने:</u> (१) यस कार्यविधि बमोजिम मन्त्रालयले प्रस्ताव आह्वान गरेबमोजिम अपाङ्गता भएका व्यक्ति आबद्ध हुन सक्ने गरि स्थानीय तह वा साझेदार संस्थाबाट प्रस्ताव पेस हुन नआएमा वा आंशिक रूपमा मात्र प्रस्ताव पेस हुन आएमा त्यस्ता प्रस्ताव निर्देशक समितिको सिफारिसमा मन्त्रालयले रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव रद्द भएमा निर्देशक समितिले छनोट सम्बन्धी मापदण्ड वनाई सोका आधारमा छनोट

भएका स्थानीय तहसँग साझेदारीको लागि मन्त्रालयले त्यस्ता स्थानीय तहलाई सोझै प्रस्ताव पेस गर्न लगाउन सक्नेछ।

१७. <u>सङ्घ सशर्त अनुदानका कार्यक्रमको कार्यान्वयनः</u> (१) नेपाल सरकारबाट प्रदेशमा वित्त हस्तान्तरण भई प्राप्त भएका सशर्त अनुदानसँग सम्बन्धित वार्षिक कार्यक्रम वा नेपाल सरकारका सम्बन्धित मन्त्रालयबाट प्रदेशका मन्त्रालय/निकायलाई अख्तियारी मार्फत प्राप्त कार्यक्रम कार्यान्वयन गर्दा त्यस्ता सशर्त अनुदान वा अख्तियारी प्रदान गर्दा कुनै सर्त मार्गदर्शन, कार्यविधि वा अन्य कुनै व्यवस्था तोकिएको हकमा सोही बमोजिम कार्यान्वयन गरिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै सर्त मार्गदर्शन, कार्यविधि वा अन्य कुनै व्यवस्था नतोकिएको हकमा मन्त्रालयले त्यस्ता कार्यक्रमको कार्यान्वयन गर्दा निर्देशक समितिको सिफारिसमा यस कार्यविधि बमोजिम कार्यान्वयन गर्नेछ।

(३) यस दफा बमोजिम कार्यान्वयन गरिएका कार्यक्रमको मन्त्रालयले छुट्टै प्रगति विवरण तयार गरि नेपाल सरकारको सम्बन्धित मन्त्रालय/निकाय पठाउनु पर्नेछ।

१८. <u>स्थानीय तहमा सशर्त अनुदानका कार्यक्रमको कार्यान्वयनः</u> (१) प्रदेश सरकारबाट स्थानीय तहमा वित्त हस्तान्तरण गरिने सशर्त अनुदानसँग सम्बन्धित कार्यक्रम वा मन्त्रालयबाट अख्तियारी मार्फत स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्दा त्यस्ता सशर्त अनुदान वा अख्तियारी प्रदान गर्दा मन्त्रालयले वार्षिक कार्यक्रम तथा क्रियाकलापलाई आधार मानी आवश्यक सर्त मार्गदर्शन, कार्यविधि

वा अन्य कुनै व्यवस्था तोकी सम्बन्धित स्थानीय तहमा कार्यान्वयनका लागि पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेका सर्त मार्गदर्शन, कार्यविधि वा अन्य कुनै व्यवस्था सम्बन्धित स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेछ।

(३) यस दफा बमोजिम कार्यान्वयन गरिएका कार्यक्रमको सम्बन्धित स्थानीय तहले छुट्टै प्रगति विवरण तयार गरि मन्त्रालय र सम्बन्धित मन्त्रालय वा निकाय पठाउनु पर्नेछ।

## परिच्छेद-४

## साझेदारी रकम भुक्तानी तथा आर्थिक कार्यविधि

१९. लागत साझेदारीको रकम भुक्तानी: (१) मन्त्रालयले स्थानीय तह वा साझेदार संस्थासँग भएको सम्झौता बमोजिम मन्त्रालयको तर्फबाट व्यहोर्नु पर्ने लागत साझेदारी अनुपात बापतको रकम भुक्तानी गर्दा कार्यसम्पन्नताका आधारमा बढीमा दुई किस्तामा साझेदार संस्थाको हकमा त्यस्ता साझेदार संस्थाको नाममा खोलिएको बैङ्क खातामा भुक्तानी दिनेछ र स्थानीय तहको हकमा त्यस्ता स्थानीय तहले तोकेको बैङ्क खातामा हस्तान्तरण वा निकासा गर्नेछ।

(२) स्थानीय तह वा साझेदार संस्थाले मन्त्रालय समक्ष भुक्तानी माग गर्दा देहायका कागजात तथा विवरण पेस गर्नुपर्नेछः-

(क) भौतिक पूर्वाधार वा मर्मत संभार भएमा कार्यसम्पन्नता प्रतिवेदन तथा सोका बिल भरपाई, फोटो तथा सम्बद्ध विवरण,

(ख) खरिद गरिएका सहायता सामग्री, उपकरण वा प्रविधिको हकमा सम्बन्धित प्राविधिकबाट स्पेशिफिकेशन सहितको जाँच प्रतिवेदन तथा सोको बिल भरपाई तथा फोटो,

(ग) आफ्नो तर्फबाट भएका लगानी, खर्च तथा कारोबारको विवरण,

(घ) स्थानीय तहको हकमा कार्यपालिका र साझेदार संस्थाको हकमा हालको आधिकारिक कार्यसमिति वा सञ्चालक समितिले भुक्तानी माग गर्ने निर्णय,

(ङ) सम्झौता पत्र तथा मन्त्रालयले तोकेका अन्य कागजात तथा विवरण।

(३) मन्त्रालयले लागत साझेदारीको रकम भुक्तानी गर्दा आवश्यक पर्ने बिल भरपाई वा विवरण कार्यक्रमको प्रकृतिको आधारमा निर्धारण गरि यथासम्भव सम्झौतामा नै स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(४) भुक्तानी गर्दा प्रचलित कानुन बमोजिम कुनै कर कट्टी हुने भएमा मन्त्रालयले कर कट्टी गरि रकम भुक्तानी गर्नेछ।

(५) मन्त्रालयले साझेदार संस्थाले सञ्चालन गरेको कार्यक्रमको अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी गर्नेछ।

(६) मन्त्रालयले उपदफा (२) बमोजिम पेस भएका कागजातमध्ये खर्च भएको रकम प्रमाण कागजात बमोजिम साझेदारीको लागत सीमाभित्र रही भुक्तानी गर्नेछ।

(७) मन्त्रालयले रकम भुक्तानी गर्दा यस कार्यविधिमा उल्लिखित व्यवस्थाको अतिरिक्त प्रचलित कानुनमा कुनै विधि, प्रक्रिया तथा व्यवस्था उल्लेख भएकोमा सोसमेतका आधारमा भुक्तानी गर्नेछ।

२०. <u>अतिरिक्त आर्थिक दायित्वको भारः</u> यस कार्यविधि बमोजिम स्थानीय तह वा साझेदार संस्थाले सञ्चालन तथा कार्यान्वयन गरेको कार्यक्रममा सम्झौतामा उल्लिखित लागत साझेदारी अनुपातभन्दा बढी आर्थिक दायित्व सिर्जना भएको भए त्यस्तो बढी हुन आएको आर्थिक दायित्वको भार स्थानीय तह वा साझेदार संस्था स्वयम्ले व्यहोर्नु पर्नेछ।

२१. <u>लेखा र लेखापरीक्षणः</u> (१) स्थानीय तह वा साझेदार संस्थाले यस कार्यविधि बमोजिम मन्त्रालयबाट प्राप्त रकम प्रचलित कानुन बमोजिम लेखा राखी लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदार संस्थाले अन्तिम लेखापरीक्षण सम्पन्न भएको मितिले तीस दिनभित्र त्यस्तो लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ र लेखापरीक्षण प्रतिवेदनमा मन्त्रालयबाट प्राप्त साझेदारी रकम खुलेको हुनुपर्नेछ।

२२. <u>कार्यक्रम सञ्चालन खर्चः</u> यस कार्यविधि बमोजिम मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहायका खर्च रकम

कार्यक्रमको लागि विनियोजित रकमबाट बाँडफाँट गरि मितव्ययी रूपमा खर्च गर्नुपर्नेछः-

(क) प्रस्ताव पेस गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरिवेक्षण खर्च रकम,

(ग) निर्देशक समिति तथा मूल्याङ्कन समितिका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

२३. <u>कारबाहीको व्यवस्थाः</u> (१) साझेदार संस्थाले कार्यक्रम कार्यान्वयन गर्दा यस कार्यविधि, मन्त्रालयको निर्देशन तथा सम्झौताका शर्त बमोजिम गर्नुपर्नेछ।

(२) अनुगमनको क्रममा दिएका निर्देशन तथा प्रचलित कानुनमा भएका व्यवस्थाको पालना गर्नु साझेदार संस्थाको कर्तव्य हुनेछ।

(३) अनुगमनको क्रममा सम्झौता बमोजिम नभएमा वा रकम दुरुपयोग भएको देखिएमा मन्त्रालयले प्रचलित कानुन बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ।

२४. <u>साझेदारी रकम रोक्का तथा असूल उपर गरिनेः</u> (१) मन्त्रालयले यस कार्यविधि बमोजिम स्थानीय तह वा साझेदार संस्थाले सम्झौता बमोजिमको कार्य नगरेमा, समयमा प्रतिवेदन पेस नगरेमा वा पेस भएको प्रतिवेदन सन्तोषजनक नभएमा त्यस्ता स्थानीय तह वा साझेदार संस्थालाई मन्त्रालयबाट हस्तान्तरण, निकासा वा भुक्तानी

दिन बाँकी रकममध्ये आंशिक वा पूरै रकम रोक्का गर्न वा सम्झौता रद्द गर्न सक्नेछ।

(२) साझेदार संस्थाले उपदफा (१) बमोजिमको कार्य गरेको प्रमाणित भएमा मन्त्रालयबाट भुक्तानी भइसकेको रकमको हकमा त्यस्तो रकम सरकारी बाँकी सरह मानी असूलउपर गरिनेछ र त्यस्ता साझेदार संस्थासँग मन्त्रालयले आगामी दिनमा कुनै सहकार्य तथा साझेदारीका कार्यक्रम गर्ने छैन।

## परिच्छेद-५

## निर्देशक समिति सम्बन्धी व्यवस्था

२५. **प्रदेश निर्देशक समितिः** (१) प्रदेशमा अपाङ्गता भएका व्यक्तिका अधिकारको संरक्षण तथा कार्यान्वयन, अपाङ्गताको रोकथाम, न्यूनीकरण तथा पुनःस्थापना लगायतका कार्यमा प्रदेश सरकारलाई नीतिगत सुझाव प्रदान गर्न र कार्यक्रमको कार्यान्वयनमा सहजीकरणको लागि देहायको एक प्रदेश निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) सचिव, प्रदेश योजना आयोग -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सचिव, स्वास्थ्य मन्त्रालय -सदस्य

(ङ) महानिर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय -सदस्य

(च) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासङ्घ प्रदेश समिति -सदस्य

(छ) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय -सदस्य सचिव

(२) समितिले आवश्यकतानुसार सरोकारवाला निकायका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

२६. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशमा अपाङ्गता भएका व्यक्तिका अधिकारको सम्मान, संरक्षण र कार्यान्वयनमा प्रदेश सरकारलाई नीतिगत राय सुझाव तथा परामर्श प्रदान गर्ने,

(ख) अपाङ्गता सम्बन्धी नीति तथा कार्यक्रमको लागि नेपाल सरकारका सरोकारवाला मन्त्रालय तथा निकायसँग समन्वय गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिको समाजमा पुनःस्थापना, सम्मानपूर्वक पहुँच र जीवनयापनको वातावरण सुनिश्चित गर्ने गराउने,

(घ) अपाङ्गता भएका व्यक्तिको हितको लागि बजेट तथा वार्षिक कार्यक्रमको पहिचान तथा छनोट गर्ने, गराउने,

(ङ) अपाङ्गता रोकथाम तथा पुनःस्थापना सम्बन्धी कार्यमा सामाजिक सङ्घ संस्थासँग समन्वय, सहकार्य तथा साझेदारी सम्बन्धी कार्य गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहसँग समन्वय, स्थानीय तह छनोट तथा त्यस्ता स्थानीय तहलाई बजेट व्यवस्था गर्न आवश्यक समन्वय गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनको क्रममा उत्पन्न हुने समस्या समाधानका लागि सहजीकरण गर्ने,

(ज) लागत साझेदारीका प्रस्ताव मूल्याङ्कन लागि सूचक निर्धारण तथा मापदण्ड स्वीकृत गर्ने,

(झ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ञ) निर्देशक समितिले आवश्यक ठानेका अन्य कार्य गर्ने।

## परिच्छेद-६

## विविध

२७. **सहजकर्ताको व्यवस्थाः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा अपाङ्गता भएका व्यक्ति, परिवार, गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुलाई घरदैलोमा सेवा प्रवाह गर्न आवश्यकतानुसार सहजकर्ताको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सामान्यतया हिमाली क्षेत्रमा दुई सय जनासम्म, पहाडी क्षेत्रमा तीन सय जनासम्म र तराई क्षेत्रमा चार सय जनासम्म अपाङ्गता भएका व्यक्तिका लागि एक जनाको दरले सहजकर्ताको व्यवस्था गर्न सकिनेछ।

(३) सहजकर्ताको लागि देहाय कर्मचारी वा अन्य व्यक्तिलाई जिम्मेवारी तोक्न वा नियुक्त गर्न सकिनेछ: -

(क) स्थानीय तहमा कार्यरत कर्मचारी,

(ख) स्थानीय तहमा रहेका अन्य स्वयम्सेवक कर्मचारी,

(ग) प्रदेश सरकारका अस्पताल वा स्वास्थ्य संस्थाका कर्मचारी,

(घ) साझेदार संस्थाबाट पारिश्रमिक पाउने गरि कर्मचारी वा सहजकर्ताको नियुक्ति।

२८. <u>साझेदार संस्था तथा अन्य सामाजिक सङ्घ संस्थाका काम र कर्तव्य:</u> प्रचलित कानुन बमोजिम अपाङ्गताको हित सम्बन्धी कार्य गर्न अनुमतिप्राप्त साझेदार संस्था वा सामाजिक सङ्घ संस्था वा अन्य सरोकारवाला साझेदार संस्थाका यस कार्यविधिमा अन्यत्र उल्लिखित काम र कर्तव्यका अतिरिक्त अन्य काम र कर्तव्य देहाय बमोजिम हुनेछ:-

(क) समाज कल्याण परिषद्मा आबद्ध भई स्वीकृति कार्यक्रमको आधारमा यस कार्यविधि वमोजिम प्रदेशमा सहकार्य तथा साझेदारी गर्ने,

(ख) प्रदेश सरकारले प्राथमिकता निर्धारण गरेका क्षेत्र तथा कार्यक्रममा साझेदारी गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिका अधिकारको सम्मान, संरक्षण र कार्यान्वयनमा प्रदेश तथा स्थानीय तहलाई सहयोग गर्ने,

(घ) अपाङ्गता सम्बन्धी नीति तथा कार्यक्रमको लागि प्रदेश तथा स्थानीय तहका निकायसँग समन्वय गर्ने,

(ङ) अपाङ्गता भएका व्यक्तिको जीवनयापनको वातावरण सुनिश्चितमा सहयोग गर्ने,

(च) यस कार्यविधि बमोजिमका कार्यक्रम कार्यान्वयनमा समन्वय, सहकार्य तथा साझेदारी सम्बन्धी कार्य गर्ने,

(छ) स्वयंसेवक नियुक्ति, परिचालन तथा सहजकर्ताको व्यवस्था गर्ने,

(ज) प्रदेश र स्थानीय तहबाट हुने अनुगमन तथा मूल्याङ्कनमा सहभागी हुने,

(झ) मन्त्रालय र प्रदेश निर्देशक समितिले दिएका निर्देशन पालना गर्ने,

(ञ) प्रचलित कानुन तथा यस कार्यविधिले तोकेका अन्य कार्य गर्ने।

२९. **<u>सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणः</u>** साझेदार संस्थाले साझेदारीका कार्यक्रम कार्यान्वयन सम्पन्न भए पश्चात् प्रचलित कानुनले तोकेको विधि र प्रक्रिया बमोजिम सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्नुपर्नेछ।

३०. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** अपाङ्गता सम्बन्धी कार्य तथा यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयबाट आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन हुनेछ,

(ख) कार्ययोजना निर्माण, कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सूचना प्रविधिमा आधारित प्रणालीको प्रयोग गर्न सकिनेछ,

(ग) कार्यक्रमको मूल्याङ्कन तथा पृष्ठपोषणका लागि मन्त्रालयले वार्षिक समीक्षा बैठकको आयोजना गर्नेछ।

३१. **<u>फाराम तथा ढाँचाको प्रयोगः</u>** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने फाराम तथा ढाँचा प्रचलित कानुनमा उल्लेख भएको हकमा त्यस्ता फाराम तथा ढाँचामा आवश्यक हेरफेर गरि र उल्लेख नभएको हकमा मन्त्रालय आफैले तयार गरि प्रयोग गर्न सक्नेछ।

३२. **<u>प्रतिवेदन पठाउनु पर्नेः</u>** स्थानीय तह र साझेदार संस्थाले यस कार्यविधि बमोजिम लागत साझेदारीमा कार्यान्वयन गरेका कार्यक्रमको प्रगति

प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र र वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

३३. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि बमोजिम हुनेछ र उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ। कार्यविधिमा व्यवस्था गरिएका कुनै विषय प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन बमोजिम हुनेछ।

३४. बाधा अड्काउ फुकाउन सक्ने: यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्ता बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले,

दिवाकर भण्डारी
निमित्त प्रदेश सचिव

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. २५।-